मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(सामान्य प्रशासन शाखा)

मन्थली, रामेछाप

बागमती प्रदेश, नेपाल

प.सं.:-०८२/८३. च.नं.:- फोन नं. -०४८-५४०११२/- ०४८-५४०५३२


## गणक आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/१२/०९)

गरीब घरपरिवार पहिचान गर्न र राज्य सुविधा परिचयपत्र वितरण गर्नका लागि घरपरिवारको स्थलगत तथ्याङ्क संकलन गर्ने कार्यका लागि तपसिल बमोजिमको पद र संख्यामा **गरीब परिवार परिचयपत्र वितरण कार्यविधि, २०७९** र गरिब परिवार पहिचान गर्न परिवारको तथ्याङ्क संकलन सम्बन्धी मार्गदर्शन बमोजिम गणक आवश्यकता भएकोले दरखास्त दिने अन्तिम दिनमा १८ वर्ष पुरा भइ ४५ वर्ष ननाघेका, योग्यता पुगेका इच्छुक मन्थली नगरपालिका भित्र स्थायी वसोवास गर्ने नागरिकहरूवाट दरखास्त पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र नगरपालिकाको बेभसाइट www.manthalimun.gov.np बाट फर्म डाउनलोड गरी फारम भरी तोकिएका कागजात सहित यस नगरपालिकाको प्रशासन शाखामा सक्कलै दरखास्त/फाईल पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| पद | माग संख्या | कार्य क्षेत्र | करार अवधि | न्यूनतम योग्यता | छनौट बिधि |
|---|---|---|---|---|---|
| गणक | १५ | मन्थली नगरपालिका भित्रका १४ वडा | २ महिना | १०+२ | सर्टलिष्ट र अन्तर्वार्ता |

**निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरू (निवेदक स्वयंले प्रमाणित गरी):-**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलिपि,
- अनुभवको प्रमाणपत्रको प्रतिलिपि भएमा,
- अन्तर्वार्तामा उपस्थित हुँदा सक्कल कागजात सहित उपस्थित हुनु पर्नेछ।

**अन्य सीप तथा प्राथमिकता :-**

- कम्प्युटर सम्बन्धी आधारभुत तालिमको प्रमाणपत्र,
- साथमा एन्ड्रोइड मोबाइल भएको र मोवाइलमा युनिकोडमा टाइप गर्न सक्ने,
- मन्थली नगरपालिका स्थायी बसोबास भएको खुल्ने कागजात,
- यस अघि तथ्याङ्क संकलन कार्यमा अनुभव प्राप्त गरेको। ।

**सेवा तथा सुविधाहरू :-**

- तथ्याङ्क संकलन वापतको पारिश्रमिकः प्रति परिवार रू. ७५।- (पचहत्तर) उपलब्ध गराइने।
- यातायात तथा खाजा खर्च : २ महिनासम्मको लागि यातायात तथा खाजा खर्च वापतको प्रतिदिन (तथ्याङ्क संकलन भएको दिन) रू २००।- (दुई सय) उपलब्ध गराइने।
- सञ्चार खर्च : एकमुष्ठ रू ७००।– (सात सय) उपलब्ध गराइने।
- अन्य विषयमा गरीब घरपरिवार पहिचान सम्बन्धी कार्यविधि बमोजिम हुनेछ।

**परीक्षा हुने कार्यविधि :-**

मन्थली नगरपालिकाको सेवा करारमा जनशक्ति व्यवस्थापन कार्यविधि, २०७६ र गरिब परिवार पहिचान गर्न परिवारको तथ्याङ्क संकलन सम्बन्धी मार्गदर्शन बमोजिम।

**दरखास्त दस्तुरः-**

- रू ५००।– राजश्व शाखामा नगदै वुझाएको सक्कलै रसिद अनिवार्य रुपमा दरखास्त फाईलका साथ पेश गर्नु पर्ने छ।

साथै यस सम्बन्धमा थप जानकारीको आवश्यक भएमा मन्थली नगरपालिकाको प्रशासन शाखा कोठा नं २१ मा उपस्थित भई सोधपुछ गर्न वा फोन ०४८-५४०११२ मार्फत सोधपुछ गर्न सकिनेछ।